# निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने कार्यविधि, २०७९

विभागबाट स्वीकृत मितिः २०७९/१२/०१
पहिलो संशोधन मितिः २०८२/०१/०८

निकासी वा पैठारी व्यापारलाई सहज, पारदर्शी तथा सुरक्षित बनाई नेपालको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी अभिलेखलाई व्यवस्थित गर्ने उद्देश्यले भन्सार ऐन, २०६४ को दफा ८९ख को प्रयोजनको लागि उक्त ऐनको दफा ९३ को खण्ड (च) ले दिएको अधिकार प्रयोग गरी विभागले यो कार्यविधि बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने कार्यविधि, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने भन्सार कार्यालय सम्झनु पर्छ।

(ग) "निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर" भन्नाले मालवस्तु निकासी वा पैठारी वा दुवै कारोवार गर्ने व्यक्तिलाई प्रदान गरिने दफा ३ बमोजिमको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बरलाई सम्झनु पर्दछ। यसलाई अंग्रेजीमा **"Export Import Code"** र छोटकरीमा **"EXIM code"** भनिनेछ।

(घ) "निकासी वा पैठारी विशेष सङ्केत नम्बर" भन्नाले मालवस्तु निकासी वा पैठारी वा दुबै कारोवार गर्ने व्यक्तिलाई प्रदान गरिने दफा ७ बमोजिमको निकासी वा पैठारी विशेष सङ्केत नम्बर सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले भन्सार नियमावली, २०६४ सम्झनु पर्छ।

(च) "प्रणाली" भन्नाले अन्तर्राष्ट्रिय व्यापार तथा भन्सार जाँचपास सम्बन्धी काम कारवाही कम्प्युटर वा मोवाइल एप्लिकेशनमार्फत व्यवसायीसम्म र व्यवसायीले लिने सेवाको निमित्त कम्प्युटर वा मोवाइल एप्लिकेशनमार्फत सम्बन्धित कार्यालयमा प्रचलित कानूनले तोके बमोजिमको विवरण पेश गर्न भन्सार ऐन, २०६४ को दफा ८९ङ को उपदफा (१) बमोजिम स्थापना गरिएको राष्ट्रिय एकद्वार प्रणाली सम्झनु पर्दछ र यसले सो प्रणालीसँग सम्बन्धित अन्य उपप्रणाली समेतलाई जनाउँछ।

(छ) "विभाग" भन्नाले भन्सार विभाग सम्झनु पर्छ।

(ज) "स्थायी लेखा नम्बर" भन्नाले आन्तरिक राजस्व विभाग मातहतका आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयबाट जारी गरेको नौ अंकको स्थायी लेखा नम्बर सम्झनु पर्दछ; जसलाई अंग्रेजीमा Permanent Account Number र छोटकरीमा "PAN" भनिन्छ।

* (झ) "व्यक्ति" भन्नाले प्राकृतिक व्यक्ति, फर्म, कम्पनी, सङ्घ, संस्था, साझेदारी संस्था, सहकारी, संयुक्त व्यवसाय सम्झनु पर्छ।

## परिच्छेद - २

## निकासी वा पैठारी सङ्केत नम्बरको प्रकार ,संरचना र दिने प्रक्रिया

३. **निकासी वा पैठारी सङ्केत नम्बरको प्रकार र संरचनाः** (१) निकासी वा पैठारी सङ्केत नम्बर देहाय बमोजिम दुई प्रकारको हुनेछः-

(क) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर,

(ख) निकासी वा पैठारी विशेष सङ्केत नम्बर

*पहिलो संशोधनबाट थप

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर तेह्र अङ्क (डिजिट) र सोपछि अंग्रेजी वर्णमालाको दुई अक्षर जोडिएको स्वरुपको हुनेछ। यसको संरचनाले देहायको अर्थ बुझाउनेछः

(क) पहिलो नौ अङ्कले स्थायी लेखा नम्बर,

(ख) दशौं र एघारौं अङ्कले एउटै स्थायी लेखा नम्बर अन्तर्गत एकमात्र व्यवसायिक फर्म दर्ता भएको भए एक र एउटै फर्मको एक भन्दा बढी दर्ता रहेको भए दुई देखि त्यस्तो फर्मको संख्या बमोजिम दिइने सिलसिलेवार नम्बर,

(ग) बाह्रौं र तेह्रौं अङ्कले प्रणालीले आफै जारी गर्ने विशेष प्रयोजनका अङ्कहरु,

(घ) तेह्रौं अङ्कपछिको अंग्रेजीको "NP" अक्षरहरुले नेपाल।

(३) उपदफा (१) को खण्ड (ख) बमोजिमको निकासी वा पैठारी विशेष सङ्केत नम्बर तेह्र अङ्क (डिजिट) को हुनेछ। यसको संरचनाले देहाय बमोजिम अर्थ बुझाउने छ।

(क) पहिलो नौ अङ्कले स्थायी लेखा नम्बर,

(ख) दशौं, एघारौं, बाह्रौं र तेह्रौं अङ्कले अनुसूची -१ बमोजिमको निकायको प्रकारलाई जनाउदछ।

तर स्थायी लेखा नम्बर नभएको निकायको हकमा अनुसूची -१ बमोजिमको स्वरुपको निकासी वा पैठारी विशेष सङ्केत नम्बर रहने छ।

(४) उपदफा (१) को खण्ड (क) बमोजिमको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त गर्न दफा ४ बमोजिम निवेदन दिनु पर्ने छ।

(५) उपदफा (१) को खण्ड (ख) बमोजिमको निकासी वा पैठारी विशेष सङ्केत नम्बर दफा ७ बमोजिम कार्यालयले प्रदान गर्नेछ।

४. **निवेदन दिनु पर्ने**: (१) मालवस्तु निकासी वा पैठारी वा दुवै कारोवार गर्न चाहने देहाय बमोजिमका योग्यता भएको व्यक्तिले ऐनको दफा ८९ख बमोजिम निकासी वा पैठारी सङ्केत नम्बर प्राप्त गर्ने प्रणालीमा भएको ढाँचामा विवरण प्रविष्टि गरी विद्युतीय माध्यमबाट निवेदन सम्प्रेषण गर्नु पर्नेछः

(क) निकासी वा पैठारी गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा दर्ता भएको वा वस्तुको प्रत्यक्ष बिक्री

(व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट वस्तुको प्रत्यक्ष बिक्री वितरणको लागि इजाजत लिएको, उद्योगको हकमा औद्योगिक व्यवसाय ऐन,२०७६ बमोजिम नेपाल सरकार, उद्योग विभागमा दर्ता भएको वा * नेपाल सरकारको उद्योग विभाग तथा प्रदेश सरकारको उद्योग क्षेत्र हेर्ने सम्बन्धित निकायबाट निकासी वा पैठारी सङ्केत नम्बरको लागि सिफारिस प्राप्त गरेको र "क" वर्गका बैङ्क, अस्पताल, विश्वविद्यालय तथा क्याम्पसहरू।

(ख) चुक्ता पूँजी कम्तीमा दश लाख रुपैया भएको,

तर निकासी मात्र गर्ने गरी सङ्केत नम्बर लिनेको हकमा यो व्यवस्था लागू हुने छैन।

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्र प्राप्त गरेको,

* (घ) मूल्य अभिवृद्धि कर नियमावली २०५३, को अनुसूचि १ का व्यक्ति बाहेक अन्यको हकमा मूल्य अभिवृद्धि करमा दर्ता भएको,

☼ (ङ) .................

(२) उपदफा (१) बमोजिम दिने निवेदनका साथ देहाय बमोजिमका कागजात समेत पेश गर्नु पर्नेछः-

(क) उपदफा (१) को खण्ड (क) बमोजिमको प्रमाणपत्र र सिफारिसको प्रतिलिपि,

(ख) चुक्ता पूँजी कम्तीमा दश लाख रुपैयाँ भएको प्रमाणपत्रको प्रतिलिपि,

(ग) स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

*(घ) सरकारी बाँकी बक्यौता नरहेको भनी स्वघोषणा गरेको पत्र,

(ङ) कर बक्यौता बाँकी नरहेको आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयबाट जारी गरिएको करचुक्ताको प्रमाणपत्र,

(च) "क" वर्गका वाणिज्य बैङ्कद्वारा जारी गरिएको कम्तीमा एक *आर्थिक वर्ष अवधि भएको तीन लाख रुपैयाँको बैंङ्क जमानत,

(छ) निवेदकको बैङ्क खाता रहेको बैङ्कले जारी गरेको अनुसूची -२ बमोजिमको सिफारिसपत्र,

---

* पहिलो संशोधनबाट थप

☼ पहिलो संशोधनबाट झिकीएको

(ज) व्यक्ति, प्रोप्राइटर वा निकायको प्रमुखको पछिल्लो छ महिनाभित्र खिचिएको पासपोर्ट साइजको एक प्रति फोटो .

* (झ) लिमिटेड तथा प्राइभेट लिमिटेड कम्पनीको हकमा प्रवन्धपत्रको प्रतिलिपि,

*(२क) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि "क" वर्गका बैङ्क, अस्पताल, विश्वविद्यालय तथा क्याम्पसहरूले दफा (४) को उपदफा (२)(क) मा उल्लिखित बाहेकका अन्य कागजात पेस गरी निकासी वा पैठारी सङ्केत नम्बर लिन सक्नेछन।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि निकासीको मात्र कारोबार गर्ने गरी सङ्केत नम्बर लिन चाहने व्यक्तिले खण्ड (ख),(च) र (छ) बमोजिमको कागजात र निकासी वा पैठारी विशेष सङ्केत नम्बर पाउने व्यक्तिले खण्ड (ख), (च) र (छ) बमोजिमको कागजात पेश गर्नुपर्ने छैन। दफा ७ को उपदफा (१) को खण्ड (क) मा उल्लेखित निकायले तथा ऐ. दफाको उपदफा (२) बमोजिम निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्राप्त गर्ने व्यक्तिले उपदफा (२) को खण्ड (ङ) बमोजिमको कागजात समेत पेश गर्नुपर्ने छैन ।

(४) संयुक्त उपक्रम (जोइन्ट भेञ्चर) को रुपमा मूल्य अभिवृद्धि करमा दर्ता *भएका नेपाली व्यक्तिले उपदफा (२) मा उल्लिखित आआफ्ना कागजातहरू सहित संयुक्त उपक्रम सम्झौतापत्र र ठेक्का प्रदान गर्ने निकायको सिफारिसपत्र पेस गरी निकासी वा पैठारी सङ्केत नम्बर लिन सक्नेछ, तर संयुक्त उपक्रम (जोइन्ट भेञ्चर) को रुपमा मूल्य अभिवृद्धि करमा दर्ता भएका विदेशी व्यक्तिले उपदफा (२) मा उल्लिखित (क) र (ख) बाहेकका कागजातहरू सहित संयुक्त उपक्रम सम्झौतापत्र र ठेक्का प्रदान गर्ने निकायको सिफारिसपत्र पेस गरी निकासी वा पैठारी सङ्केत नम्बर लिन सक्नेछ।

(५) उपदफा (१) बमोजिमको निवेदनमा उल्लिखित विवरण र उपदफा (२) बमोजिम संलग्न गर्नुपर्ने कागजात सक्कलबाटै स्क्यान गरी अनिवार्य रुपमा विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा अपलोड गर्नु पर्नेछ र त्यसरी अपलोड गरेका कागजात कार्यालयले माग गरेका बखत पेश गर्ने गरी निवेदकले आफूसाथ सुरक्षित राख्नु पर्नेछ।

तर उपदफा (२) बमोजिम संलग्न गर्नु पर्ने कागजातमा भएको विवरण सम्बन्धित निकायहरुबाट सञ्चालनमा रहेको प्रणालीबाट विद्युतीय माध्यममार्फत पेश भएमा उपदफा (२) बमोजिम कागजातहरु अपलोड गर्नु पर्ने छैन ।

---

* पहिलो संशोधनबाट थप

(६) उपदफा (२) मा उल्लिखित कागजात पेश गरी निकासी वा पैठारी सङ्केत नम्बर लिएको व्यक्तिले मालवस्तु निकासी वा पैठारी गर्दा कार्यालयमा पुनः सोही कागजात पेश गर्नु पर्ने छैन।

(७) कुनै व्यक्तिले एउटा स्थायी लेखा नम्बर अन्तर्गत एकभन्दा बढी निकासी वा पैठारी सङ्केत नम्बर लिएकोमा बैङ्क जमानत दिदा प्रत्येक निकासी वा पैठारी सङ्केत नम्बरको लागि छुट्टा छुट्टै बैङ्क जमानत दिनु पर्नेछ ।

**५.** **<u>निकासी वा पैठारी सङ्केत नम्बर प्रमाणपत्र उपलब्ध गराउने</u>**: (१) अनुसूची -३ मा उल्लेख भएका कार्यालयले निकासीकर्ता वा पैठारीकर्तालाई निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर दिन सक्नेछ ।

(२) दफा ४ बमोजिम निवेदन र कागजात प्राप्त भएपछि आवश्यक जाँचबुझ गर्दा रीत पुगेको र निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर उपलब्ध गराउन उपयुक्त देखिएमा निवेदन र कागजात विद्युतीय माध्यमबाट प्राप्त भएको सात कार्य दिन भित्र कार्यालयले अनुसूची -४ बमोजिमको ढाँचामा निबेदकलाई निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्रमाणपत्र उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै व्यवसायको लागि एउटा व्यक्तिलाई एकभन्दा बढी निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्रदान गरिने छैन।

(४) कुनै व्यक्तिले निकासीको कारोवार मात्र गर्ने भनी सङ्केत नम्बर लिएकोमा पछि पैठारीको समेत कारोबार गर्नको लागि निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर लिन चाहेमा दफा ४ को उपदफा (२) को खण्ड (ख), (च) र (छ) बमोजिमको कागजात सहित दफा ४ बमोजिम निवेदन दिएमा कार्यालयले उपदफा (१) बमोजिम निजलाई निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर उपलब्ध गराउनेछ।

(५) कार्यालयले प्राप्त निवेदन र कागजात जाँचबुझ गर्दा आवश्यक देखेमा विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा अपलोड कागजातको सक्कल प्रति माग गरी हेर्न वा आवश्यक पर्ने अन्य कुनै कागजात माग गर्न सक्नेछ।

(६) कार्यालयले उपदफा (५) बमोजिम माग गरेको कागजात निवेदकले सात दिनभित्र उपलब्ध गराउनु पर्नेछ।

(७) यस दफा बमोजिम जाँचबुझ गर्दा निवेदकलाई निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्रमाणपत्र उपलब्ध गराउन नमिल्ने देखिएमा कार्यालयले त्यसको कारण सहितको जानकारी निवेदकलाई सात दिनभित्र उपलब्ध गराउनेछ।

(८) उपदफा (१) बमोजिम विद्युतीय माध्यमबाट उपलब्ध गराइएको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्रमाणपत्र निवेदकले कम्प्युटर प्रणालीबाटै उपलब्ध गराएको पासवर्ड प्रयोग गरी आफैले मुद्रण गर्न वा कार्यालयमा उपस्थित भई बुझिलिन सक्नेछ।

(९) यो निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर मालवस्तु निकासी वा पैठारी गर्ने प्रयोजनको लागि मात्र भएकोले कुनै मालवस्तु पैठारी वा निकासी गर्दा प्रचलित कानून बमोजिम नेपाल सरकारको कुनै निकायको इजाजतपत्र, स्वीकृति वा सिफारिस आवश्यक पर्नेमा त्यस्तो मालवस्तु पैठारी वा निकासी गर्दा सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

६. **<u>निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक नपर्ने</u>**ः (१) यात्रुले ल्याउन र लैजान पाउने निजी प्रयोगका मालबस्तु सम्बन्धी सूचना बमोजिमका मालबस्तु ल्याउन वा लैजान, एक पटकमा दश हजार रुपैंया मूल्यसम्मको मालवस्तु पैठारी गर्न वा दश लाख रुपैंया मूल्यसम्मको मालवस्तु निकासी गर्नका लागि निकासी वा पैठारी सङ्केत नम्बर आवश्यक पर्ने छैन।

तर निकासी वा पैठारी सङ्केत नम्बर लिइसकेको व्यक्तिले जतिसुकै मूल्यको मालवस्तु निकासी वा पैठारी गर्दा अनिवार्य रुपमा निकासी वा पैठारी सङ्केत नम्बर उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निकासी वा पैठारी गर्न स्थायी लेखा नम्बरको प्रयोग गर्न सकिने छ र सोको प्रयोगका लागि अनुसूची-३ मा उल्लिखित कार्यालयमा प्रणाली मार्फत निवेदन दिनु पर्नेछ।

७. **<u>निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गरिने</u>**ः (१) अनुसूची -३ मा उल्लिखित कार्यालयले देहाय बमोजिमको मालवस्तुको निकासी वा पैठारी गर्ने प्रयोजनको लागि देहायका निकायलाई निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ। यसरी प्रदान गरिने निकासी वा पैठारी विशेष सङ्केत नम्बर अनुसूची -१ मा उल्लेख भए बमोजिम हुनेछः-

(क) सरकारी निकाय, सार्वजनिक संस्थान, सरकारी आयोजना, कूटनीतिक नियोग वा गैरसरकारी संघ संस्थाले गैरव्यापारिक प्रयोजनको लागि गर्ने निकासी वा पैठारी,

(ख) औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम दर्ता भएका लघु, घरेलु तथा साना उद्योगले आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, यन्त्र उपकरण र सोको पार्टपूर्जाको पैठारी,

(ग) खण्ड (ख) मा उल्लेख भएका बाहेक अन्य उद्योगले त्यस्तो उद्योग स्थापना गर्न आवश्यक पर्ने यन्त्र, उपकरण वा सोको पार्टपूर्जा एक पटकको लागि गर्ने पैठारी,

(घ) विभागले तोकेका अन्य निकासी वा पैठारी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दान, उपहार वा राहतको लागि पटके रुपमा मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिलाई अनुसूची-३ मा उल्लिखित कार्यालयले निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गर्न बैङ्क जमानत आवश्यक पर्ने छैन।

*(४) उपदफा (१) को खण्ड (क) मा उल्लेख गरिएका व्यक्तिहरूलाई प्रदान गरिएको निकासी वा पैठारी विशेष सङ्केत नम्बरको मान्य हुने अवधि एक आर्थिक वर्षको हुने गरी दिन सकिनेछ।

*(५) उपदफा (१) को खण्ड (ख) (ग), (घ) र उपदफा (२) मा उल्लेख गरिएका व्यक्तिहरूलाई प्रदान गरिएको निकासी वा पैठारी विशेष सङ्केत नम्बरको मान्य हुने अवधि बढीमा एक महिनाको हुनेछ। त्यस्तो मालवस्तु पैठारी भएपछि निकासी वा पैठारी विशेष सङ्केत नम्बर स्वतः निष्क्रिय हुनेछ। यदि एक महिना भित्र मालबस्तु पैठारी हुन नसकेमा एक पटकका लागि सात दिन म्याद थप गर्न सकिनेछ।

*(६) उपदफा (१) को खण्ड (क) बाहेकका व्यक्तिहरूलाई स्थायीलेखा नम्बरमा आवद्ध गरेरमात्र निकासी वा पैठारी विशेष सङ्केत नम्बर प्रदान गरिनेछ।

## परिच्छेद - ३

## निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर नवीकरण सम्बन्धी व्यवस्था

८. **निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर नवीकरणको लागि निवेदन दिनुपर्ने**: (१) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त व्यक्तिले प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष सुरु हुनु अगावै नवीकरण गर्नको लागि नियमावलीको नियम ६६घ. को उपनियम (२) बमोजिमका कागजात सहित विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा रहेको निकासी वा

* पहिलो संशोधनबाट थप

पैठारी सङ्केत नम्बर नवीकरण (रिन्यु एक्जिम कोड) मा उल्लेखित सम्पूर्ण विवरण भरी विद्युतीय माध्यमबाट सम्प्रेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको विवरण र कागजात कार्यालयले जाँचबुझ गर्नु पर्नेछ। यसरी जाँचबुझ गर्दा कुनै कागजातको दुरुस्तता सम्बन्धमा कार्यालयलाई शंका लागेमा सक्कल कागजात पेश गर्ने आदेश दिन सक्नेछ र सम्बन्धित व्यक्तिले यसरी सूचना पाएको मितिले सात दिनभित्र कार्यालयमा सक्कल कागजात पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा रीत पुगेको र नियमावली बमोजिम लाग्ने दस्तुर समेत दाखिला भएको देखिएमा कार्यालयले निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर नवीकरण गरिदिनु पर्नेछ। यसरी नवीकरण गरिएको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्रमाणपत्र सम्बन्धित व्यक्तिले कार्यालयबाट बुझिलिन वा विद्युतीय माध्यमबाटै आफैले मुद्रण गरी लिन सक्नेछ।

(४) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा रीत नपुगेको वा आवश्यक कागजात पेश गर्न नसकेको कारणले निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर नवीकरण गर्न नमिल्ने देखिएमा कार्यालयले सोको कारण सहितको जानकारी सम्बन्धित व्यक्तिलाई सात दिनभित्र दिनु पर्नेछ।

(५) कसैले झुट्टा वा नक्कली कागजात पेश गरी निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर नवीकरण गराएको पत्ता लागेमा कार्यालयले त्यस्तो नवीकरण रद्द गरी निजको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर खारेज गरिदिन सक्नेछ। झुट्टा वा नक्कली कागजात बनाई पेश गरेको सम्बन्धमा प्रचलित कानून बमोजिम सजाय गर्न अधिकार प्राप्त अधिकारीसमक्ष लेखी पठाउनु पर्नेछ।

(६) उपदफा (१) मा जुनसुकै कुरा लेखिएतापनि कुनै उद्योगले पाँच आर्थिक वर्षको लागि निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बरको नवीकरण गराउन चाहेमा लाग्ने दस्तुर एकमुष्ठ तिरी नवीकरण गराउन सक्नेछ। यसरी नवीकरण गराउँदा जति वर्षको लागि नवीकरण गराउने हो त्यति अवधिको बैङ्क जमानत दाखिला गर्नुपर्नेछ।

(७) निकासी वा पैठारी विशेष सङ्केत नम्बर नवीकरण गराउनु पर्ने छैन।

## परिच्छेद - ४

## <u>निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर रोक्का तथा खारेज सम्बन्धी व्यवस्था</u>

९. **<u>निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर रोक्का तथा खारेज गर्न सकिने</u>:** (१) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त गरेको व्यक्तिले नेपाल सरकारलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने राजस्व वा अन्य कुनै रकम नबुझाएमा कार्यालयले त्यस्तो व्यक्तिको सङ्केत नम्बर छ महिनासम्मको लागि रोक्का गर्न सक्नेछ। यसरी रोक्का गरिएकोमा सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ।

तर रोक्का भएको छ महिनाभित्र सम्बन्धित व्यक्तिले बुझाउनु पर्ने राजस्व वा अन्य कुनै रकम बुझाएको जानकारी सहित त्यस्तो रोक्का फुकुवाका लागि निबेदन दिएमा त्यस्तो रोक्का फुकुवा गर्न यस उपदफाले बाधा पुगेको मानिने छैन।

(२) उपदफा (१) बमोजिम रोक्का गरिएको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर छ महिनासम्म फुकुवा गराउन नसकेमा कार्यालयले त्यस्तो निकासी वा पैठारी सङ्केत नम्बर खारेज गरिदिन सक्नेछ। यसरी खारेज गर्नुअघि निजलाई सफाई पेश गर्ने मनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) ऐनको दफा ५७ को उपदफा (१) वा उपदफा (१०) बमोजिमको कसूर गरेको प्रमाणित भएको वा उपदफा (१८) बमोजिम सजाय पाएको वा उपदफा (५),(७),(८) वा (९) बमोजिम मालवस्तुको पटक पटक गलत घोषणा गरी सजाय पाएको व्यक्तिको निकासी वा पैठारी सङ्केत नम्बर कार्यालयले खारेज गरिदिन सक्नेछ। यसरी खारेज गर्नु अघि निजलाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनुपर्नेछ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर रोक्का वा खारेज हुनु अगावै कार्यालयमा आइपुगेको वा नेपालको लागि चलान भइसकेको मालवस्तु जाँचपास गर्न बाधा पर्ने छैन।

तर नेपाल सरकारलाई प्रचलित कानून बमोजिम बुझाउनु पर्ने राजस्व वा अन्य कुनै रकम नबुझाएको कारणले रोक्का वा खारेज भएको रहेछ भने त्यस्तो रकम असुल नगरी यस उपदफा बमोजिम मालबस्तु जाँचपास गरिने छैन।

(५) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर लिदा वा नवीकरण गर्दा पेश गरिएको बैङ्क जमानतको म्याद समाप्त भएको अवस्थामा निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर स्वतः रोक्का हुनेछ। त्यस्तो बैङ्क जमानतको म्याद समाप्त नहुँदै म्याद थप गरेको प्रमाण सम्बन्धित व्यक्तिले प्रणालीमार्फत अद्यावधिक गरी कार्यालयमा सक्कलै पेश गरेमा कार्यालयले रोक्का भएको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर फुकुवा गरिदिन सक्नेछ।

(६) निकासी र पैठारी दुवै कारोबार गर्नको लागि निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त व्यक्तिले दुवै कारोबार नगर्ने भनी वा पैठारीका लागिमात्र वा निकासीको लागिमात्र सङ्केत नम्बर लिएको व्यक्तिले त्यस्तो सङ्केत नम्बर खारेज गराउन चाहेमा सोको कारण समेत खोली कार्यालयमा निवेदन दिन वा विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा सम्प्रेषण गर्न सक्नेछ।

तर निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त गरेको एक वर्ष व्यतित नभई त्यस्तो निवेदन दिन पाइने छैन।

(७) उपदफा (६) बमोजिम निवेदन प्राप्त भएमा कार्यालयले राजस्व वा कुनै रकम कार्यालयमा बुझाउन वा बेरुजू बाँकी रहे नरहेको यकिन गरी त्यस्तो रकम बुझाउन बाँकी रहेको नदेखिएमा मात्र निवेदन बमोजिम निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर खारेज वा कारोबार संशोधन गरिदिई निवेदकलाई सोको जानकारी दिनेछ।

(८) उपदफा (७) बमोजिम खारेज वा संशोधन भएको मितिले एक वर्ष व्यतित नभई पुनः निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर लिन वा कारोबार संशोधन गर्न पाइने छैन।

(९) कुनै व्यक्तिले निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण नगराई त्यस्तो नम्बर प्राप्त गरेको मितिले * एक वर्षपछि खारेज गर्नको लागि निवेदन दिएमा राजस्व रकम कार्यालयमा बुझाउन वा बेरुजू बाँकी रहे नरहेको यकिन गरी बाँकी रहेको नदेखिएमा निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर खारेज गरिदिई सोको जानकारी दिनु पर्नेछ, यसरी खारेज गर्दा वा गराउँदा कुनै दस्तुर लाग्ने छैन।

---

* पहिलो संशोधनबाट थप

(१०) दफा ७ को उपदफा (१) को खण्ड (ख) बमोजिम निकासी वा पैठारी विशेष सङ्केत नम्बर लिएकाको हकमा समेत यस दफाको प्रावधान लागु हुनेछ।

## परिच्छेद - ५

## बैङ्क जमानत फुकुवा सम्बन्धी व्यवस्था

१०. **बैङ्क जमानत फुकुवा गर्ने व्यवस्था**: (१) दफा ९ को उपदफा (७) बमोजिम खारेज वा कारोबार संशोधन गरिएको वा ऐ. दफाको उपदफा (९) बमोजिम खारेज गरिएको निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त व्यक्तिले बैङ्क जमानत फुकुवाको लागि निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर खारेज भएको वा कारोबार संशोधन भएको मितिले तीस दिनभित्र बैङ्क जमानत रहेको कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर लिंदा वा त्यस्तो सङ्केत नम्बर नवीकरण गराउँदा कुनै एउटा वाणिज्य बैङ्कको जमानत पेश गरेकोमा सोको सट्टा अर्को वाणिज्य बैङ्कको जमानत दिनु परेमा त्यस्तो सङ्केत नम्बर नवीकरण गराउने अवस्थामा मात्र परिवर्तन गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि कार्यालयले * बेरूजु तथा राजस्व तिर्न बाँकी भए नभएको यकिन गरी पन्ध्र दिन भित्र बैङ्क जमानत फुकुवा गरी सोको जानकारी सम्बन्धित बैङ्क तथा निवेदकलाई दिनु पर्नेछ।

(४) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बरको प्रयोजनको लागि जारी गरिने बैङ्क जमानत निशर्त हुनु पर्नेछ। कार्यालयको नाममा जारी गरिएको बैङ्क जमानत कार्यालयले फुकुवा नगरेसम्म त्यस्तो बैङ्क जमानत जारी गर्ने बैङ्कले बैङ्क जमानतमा उल्लेखित रकम भुक्तानी गर्ने दायित्वबाट उन्मुक्ति पाउने छैन।

---

* पहिलो संशोधनबाट थप

## परिच्छेद - ६
## <u>विविध</u>

११. **<u>बैङ्क जमानतबाट असुल गर्न सकिने</u>**: निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्राप्त व्यक्तिले भन्सार कार्यालयलाई तिर्नु बुझाउनु पर्ने कुनै रकम बाँकी भई निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर दफा ९ को उपदफा (१) बमोजिम रोक्का भएको र रोक्का भएको मितिले छ महिनासम्म त्यस्तो रकम बुझाउन नसकी निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर प्रमाणपत्र ऐ. दफाको उपदफा (२) बमोजिम खारेज भएकोमा त्यस्तो रकम निकासी वा पैठारी सङ्केत नम्बर प्राप्त गर्ने प्रयोजनका लागि परिच्छेद -२ बमोजिम राखेको बैङ्क जमानतबाट असुल गरी नपुग भएको रकम निजबाट असुल गरिनेछ।

१२. **<u>विद्युतीय प्रणालीद्वारा कार्य सम्पादन हुने</u>**: यस कार्यविधि बमोजिम निकासी वा पैठारी सङ्केत नम्बरको लागि निवेदन लिने, प्रमाणपत्र उपलब्ध गराउने, नवीकरण गर्ने, रोक्का गर्ने, रोक्का फुकुवा गर्ने, संशोधन वा खारेज गर्ने, बैङ्क जमानत लिने तथा फुकुवा गर्ने कार्य स्वचालित विद्युतीय प्रणालीद्वारा सम्पादन गरिनेछ।

१३. **<u>बाधा अड्काउ फुकाउने</u>**: यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा वा कुनै बाधा अड्काउ परेमा वा यसमा उल्लेख भएको कुनै विषयको व्याख्या गर्नुपर्ने भएमा महानिर्देशकले आवश्यक निर्णय गरी त्यस्तो द्विविधा हटाउन वा बाधा अड्काउ फुकाउन वा व्याख्या गर्न सक्नेछ।

१४. **<u>खारेजी र बचाउ</u>**: (१) निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने सम्बन्धी कार्यविधि, २०७८ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

अनुसूची -१

दफा ३ को उपदफा (३) सँग सम्बन्धित

निकासी वा पैठारी विशेष सङ्केत नम्बर

| *Special EXIM Code Number* | *Categories of importers/exporters* |
|---|---|
| *XXXXXXXXX0101* | *All Ministries / Departments and Government Offices* |
| *XXXXXXXXX0102* | *Constitutional Bodies* |
| *XXXXXXXXX0103* | *Provincial Government Agencies/Local Bodies (Rural Municipalities, Municipalities etc.)* |
| *XXXXXXXXX0104* | *Non- Commercial Public enterprises* |
| *100000000XXXX* | *Diplomatic Agencies/Personnel, Counsellor officers in Nepal and officials of UNO and its specialized agencies (without PAN)* |
| *XXXXXXXXX0105* | *Diplomatic Agencies/Personnel, Counsellor officers in Nepal and officials of UNO and its specialized agencies (with PAN)* |
| *XXXXXXXXX0201* | *Importer of Relief goods/ As per decision of Department of Customs/Customs Offices* |
| *XXXXXXXXX0202* | *Importers importing goods for display or use in fairs/exhibitions or similar events under Customs Regulations* |
| *XXXXXXXXX0203* | *Individuals/Charitable Institution/Registered NGOs importing goods, which have been exempted from Customs duty for bona fide use for victims affected by natural calamity.* |
| *XXXXXXXXX0204* | *Importer importing goods for Government Projects.* |
| *XXXXXXXXX0205* | *Cottage and small Industries and other industries.* |
| *XXXXXXXXX0206* | *Individuals/Institutional/Registered NGOs allowed for import and export on ad hoc basis.* |
| *XXXXXXXXX0206* | *Community based organization.* |
| *200000000XXXX* | *Other Non-PAN agencies.* |

अनुसूची-२

दफा ४ को उपदफा (२) को खण्ड (छ) सँग सम्बन्धित

निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बरको लागि बैङ्कले गर्नुपर्ने सिफारिसको नमूना

चलानी/सन्दर्भ नम्बर

| बैङ्कको नाम र ठेगाना |
|---|

| अख्तियारप्राप्त निवेदकको पासपोर्ट साइजको फोटो |
|---|

श्री भन्सार विभाग / श्री .............. भन्सार कार्यालय

.......................................................।

देहायको विवरण भएको फर्म/कम्पनीको यस बैङ्कमा रहेको खाता नम्बर.........................................
मिति .................................... देखि हालसम्म अविच्छिन्न रुपमा संचालनमा रहेको व्यहोरा प्रमाणित गर्दछौं।

१. फर्म कम्पनीको नामः

२. मुख्य व्यक्तिको नामः

३. ठेगानाः

४. टेलिफोन नम्बरः

इमेलः

फ्याक्सः

वेवसाइटः

स्थायी लेखा नम्बर

मितिः

बैङ्क अधिकारीको सहीः

स्थानः

बैङ्कः

अधिकारीको नामः

पदः

शाखाः

टेलिफोन नम्बरः

इमेलः

बैङ्कको छापः

अनुसूची -३

दफा ५ को उपदफा (१) र दफा ७ को उपदफा (१) सँग सम्बन्धित

**निकासी वा पैठारी सङ्केत नम्बर प्रदान गर्ने कार्यालयहरुः**

त्रिभुवन बिमानस्थल भन्सार कार्यालय ,काठमाडौं।
चोभार सुख्खाबन्दरगाहा भन्सार कार्यालय, चोभार, काठमाडौं।
रसुवा भन्सार कार्यालय ,टिमुरे।
तातोपानी भन्सार कार्यालय ,सिन्धुपाल्चोक।
मेची भन्सार कार्यालय ,काँकडभिट्टा।
भद्रपुर भन्सार कार्यालय ,झापा।
बिराटनगर भन्सार कार्यालय ,बिराटनगर।
सुनसरी भन्सार कार्यालय ,सुनसरी।
राजबिराज भन्सार कार्यालय ,सप्तरी ।
ठाडी भन्सार कार्यालय ,सिराहा।
सिराहा भन्सार कार्यालय ,माडर सिराहा ।
जनकपुर भन्सार कार्यालय,जनकपुर ।
जलेश्वर भन्सार कार्यालय ,जलेश्वर।
सर्लाही भन्सार कार्यालय, मलङ्गवा, सर्लाही।
गौर भन्सार कार्यालय, रौतहट।
बीरगञ्ज भन्सार कार्यालय, बीरगञ्ज, पर्सा।
सुख्खा बन्दरगाहा भन्सार कार्यालय, सिर्सिया पर्सा।
महेशपुर भन्सार कार्यालय, नवलपरासी।
त्रिवेणी भन्सार कार्यालय, नवलपरासी, सुस्ता पूर्व।
भैरहवा भन्सार कार्यालय, रुपन्देही।
गौतमबुद्ध विमानस्थल भन्सार कार्यालय, भैरहवा।
सुठौली भन्सार कार्यालय, कपिलवस्तु।
कृष्णनगर भन्सार कार्यालय, कपिलवस्तु।
पोखरा विमानस्थल भन्सार कार्यालय, पोखरा।
नेपालगञ्ज भन्सार कार्यालय, बाँके।
सति भन्सार कार्यालय, कैलाली।
कैलाली भन्सार कार्यालय, धनगढी।
कञ्चनपुर भन्सार कार्यालय, गड्डाचौकी, महेन्द्रनगर।
महाकाली भन्सार कार्यालय, झुलाघाट बैतडी।
दार्चुला भन्सार कार्यालय, दार्चुला।

# अनुसूची -४

## दफा ५(२)सँग सम्बन्धित

## निकासी पैठारी (स्थायी) सङ्केत नम्बर प्रमाणपत्रको नमूना

**Government of Nepal**
**Ministry of Finance**

## Department of Customs

### EXIM Code Certificate



| | | | |
|---|---|---|---|
| EXIM Code | | EXIM Approval Date | |
| IM / EX Type | | EXIM Status | |
| Validity Period | | PAN Number | |
| BANK Guarantee Number | | Bank Guarantee Expiry Date | |

**This EXIM certificate has been issued to the person/company with the details provided below pursuant to chapter 2 rule 5 sub-rule 2 schedule 4 of "Procedure for Issuance of Export or Import code number, 2078".**

| | | | |
|---|---|---|---|
| Company Name | | Proprietor's Name | |
| Company Address | | Proprietor's Address | |
| Company Phone Number | | Proprietor's Phone Number | |
| Company Email Address | | Proprietor's Email Address | |

Name of Verifying Officer

Verifying Office

Print Date:

**Note:** This EXIM certificate can be electronically received and renewed. For renewal of the EXIM certificate one should apply through EXIM Registration Portal of NNSW System before beginning of each fiscal year.